चिङ्गाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अवलचिङ्ग सुर्खेतको मिति २०८३ साल जेष्ठ २६ र २७ गते सम्पन्न भएको कार्यपालिका बैठकका निर्णयहरू

| क्र.सं. | प्रस्ताव पेस गर्ने कार्यालय/शाखा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको जनहितकारी तथा लोककल्याणकारी सूचनाहरु प्रकाशन तथा प्रचार प्रसारमा सहयोग पुर्याएकोले दोलागिरी मिडिया प्रा. लि. लाई कल्याणकारी सूचना प्रकाशन खर्च रकम भुक्तानी गर्ने निर्णय गरियो । |
| २. | गाउँ कार्यपालिकाको कार्यालय | इलाका प्रहरी कार्यालय अवलचिङ्ग, प्रहरी चौकी मटेला र अस्थायी प्रहरी चौकी पोष्ट पाम्का सुर्खेतको लागि दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न र गाउँपालिकामा शान्ति सुरक्षा व्यवस्थापनको लागि सामग्रीहरु खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो। |
| ३. | शिक्षा, युवा तथा खेलकुद शाखा | चिङ्गाड गाउँपालिका वडा नं ३ मा रहेको श्री नेपाल राष्ट्रिय मा.वि. काँडाघुवानी विद्यालयलाई पालिकास्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड कार्यक्रमको अपुग रकम भुक्तानी गर्ने निर्णय गरियो । |
| ४. | शिक्षा, युवा तथा खेलकुद शाखा | आर्थिक वर्ष २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम चिङ्गाड गाउँपालिका वडा नं ३ मा रहेको श्री नेपाल राष्ट्रिय मा. वि. काँडाघुवानी विद्यालयलाई शैक्षिक व्यवस्थापन शीर्षकको रकम भुक्तानी गर्ने निर्णय गरियो । |
| ५. | गाउँ कार्यपालिकाको कार्यालय | **गाउँपालिका राष्ट्रिय महासंघ नेपालको** आर्थिक वर्ष २०८२।८३ मा यस चिङ्गाड गाउँपालिका सुर्खेत **सदस्यता भए बापतको सदस्यता** शुल्क भुक्तानी गर्ने निर्णय गरियो । |
| ६. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको एक्काइसौ गाउँ सभा मिति २०८३।०३।५ गते बुधवारको दिन विहान १०:०० बजे सञ्चालन गर्ने निर्णय गरियो । |
| ७. | स्वास्थ्य तथा सरसफाइ शाखा | यस चिङ्गाड गाउँपालिका मातहतका स्वास्थ्य संस्था समायोजन तथा मर्ज सम्बन्धी **सामाजिक विकास समिति संयोजक श्री वीर बहादुर जि .सी. ज्यूको संयोजकत्वमा** पाँच सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो । |
| ८. | शिक्षा, युवा तथा खेलकुद शाखा | चिङ्गाड गाउँपालिका मातहतका सामुदायिक विद्यालय समायोजन तथा मर्ज सम्बन्धी **गाउँपालिका अध्यक्ष श्री बोधविक्रम जि .सी. ज्यूको संयोजकत्वमा** पाँच सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो । |
| ९. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको २० औ गाउँ सभाबाट योजना **विनियोजन** तथा कार्यक्रम कार्यान्वयनको समिक्षा गरियो । |
| १०. | स्वास्थ्य तथा सरसफाइ शाखा | चिङ्गाड गाउँपालिकाको एम्वुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ तर्जुमाको स्वीकृति प्रदान गरि मस्यौदा निर्माणको लागि **प्रमुख प्रशासकीय अधिकृत श्री सुरेन्द्र सिंह ज्यूको** संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो। |
| ११. | शिक्षा, युवा तथा खेलकुद शाखा | चिङ्गाड गाउँपालिकाको शिक्षा ऐन, २०७४ संसोधनको लागि स्वीकृति प्रदान गरि संशोधन विधेयकको मस्यौदा निर्माणको लागि **गाउँपालिका अध्यक्ष श्री बोधविक्रम जि.सी. ज्यूको** संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गर्ने निर्णय गरियो। |
| १२. | शिक्षा, युवा तथा खेलकुद शाखा | चिङ्गाड गाउँपालिकाको प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि, २०७९ संसोधन सहित स्वीकृत गर्ने निर्णय गरियो। |

CamScanner

| क्र.सं. | प्रस्ताव पेस गर्ने कार्यालय/शाखा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १३. | स्वास्थ्य तथा सरसफाई शाखा | चिङ्गाड गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७७ संसोधनको लागि स्वीकृति प्रदान गरि विधेयकको मस्यौदा निर्माणको लागि **सामाजिक विकास समिति संयोजक श्री वीर बहादुर जि.सी.ज्यूको संयोजकत्वमा** पाँच सदस्यीय समिति गठन गर्ने निर्णय गरियो। |
| १४. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन ऐन, २०७९ संसोधनको लागि स्वीकृति प्रदान गरि विधेयकको मस्यौदा निर्माणको लागि **गाउँपालिका उपाध्यक्ष श्री मिना कुमारी रोकाय ज्यूको संयोजकत्वमा** पाँच सदस्यीय समिति गठन गर्ने निर्णय गरियो। |
| १५. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०८३ निर्माणको स्वीकृति प्रदान गरि मस्यौदा निर्माणको लागि **प्रमुख प्रशासकीय अधिकृत श्री सुरेन्द्र सिंह ज्यूको** संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो। |
| १६. | गाउँ कार्यपालिकाको कार्यालय | यस चिङ्गाड गाउँपालिका अन्तर्गत रहेको सार्वजनिक र सरकारी जग्गाहरु अतिक्रमण तथा जथाभावी प्रयोग हुन नदिन सार्वजनिक र सरकारी जग्गाहरुको संरक्षण, अभिलेखीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन गाउँपालिकामा अतिक्रमण भएका सार्वजनिक र सरकारी जग्गाको विवरण १५ दिन भित्र सम्बन्धित वडा कार्यालय मार्फत संकलन गरि गाउँ कार्यपालिकाको बैठकमा पेश गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । |
| १७. | कृषि विकास शाखा | चिङ्गाड गाउँपालिकाको अनुदानमा कृषि सामग्री वितरण सम्बन्धी कार्यविधि, २०८३ संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो। |
| १८. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८३ सभामा पेश गर्नको लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो । |
| १९. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको उत्कृष्ट कर्मचारी, शिक्षक र विद्यार्थी छनोट तथा सिफारिस सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत गर्ने निर्णय गरियो । |
| २०. | कृषि विकास शाखा | चिङ्गाड गाउँपालिकाको कृषि विकास शाखाको आर्थिक वर्ष २०८२।०८३ मा विभिन्न शिर्षकमा विनियोजन भएको बजेटबाट २५ प्रतिशत रकमान्तर गरि योजना तथा कार्यक्रमहरु रकमान्तर गरि कार्यान्वयन गर्ने निर्णय गरियो । |
| २१. | भूमि प्रशासन शाखा | चिङ्गाड गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को लागि न्यूनतम जग्गाको दररेट वृद्धि गरि भूमि प्रशासन कार्यलय, सुर्खेतलाई सिफारिस गर्ने निर्णय गरियो । |
| २२. | शिक्षा, यूवा तथा खेलकुद शाखा | चिङ्गाड गाउँपालिका वडा नं ३ मा रहेको श्री नेपाल राष्ट्रिय मा. वि. काँडाघुवानी विद्यालयलाई जिल्ला स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड कार्यक्रममा सहभागिताको खर्च रकम भुक्तानी गर्ने निर्णय गरियो । |
| २३. | शिक्षा, यूवा तथा खेलकुद शाखा | चिङ्गाड गाउँपालिकाको वडा नं २ मा रहेको श्री जनता मा. वि. रानीवास विद्यालयलाई आवासिय विद्यालय सञ्चालनको लागि रकम भुक्तानी गर्ने निर्णय गरियो । |
| २४. | गाउँ कार्यपालिकाको कार्यालय | चिङ्गाड गाउँपालिकाको केन्द्रको विषयमा सम्मानित सर्वोच्च अदालतमा |

CamScanner

| क्र.सं. | प्रस्ताव पेस गर्ने कार्यालय/शाखा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | विचाराधिन रहेको मुद्धाको विषयमा सर्वोच्च अदालत नियमावली,२०७४ को नियम ७३ बमोजिम अग्राधिकारको लागि सम्मानित सर्वोच्च अदालत समक्ष अनुरोध गर्ने निर्णय गरियो । |
| २५. | वडा कार्यालय अन्तर्गत | आर्थिक वर्ष २०८२।०८३ मा कार्यान्वयन हुन नसकेका वडागत स्वीकृत वार्षिक कार्यक्रमहरु कानून बमोजिम रकमान्तर गरि कार्यान्वयन गर्ने निर्णय गरियो । |

लाल बहादुर जि.सी
प्रवक्ता